# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ | संख्याः ३ | मितिः २०८१/१०/३०

भाग - १

मालिका गाउँपालिका

## ढुङ्गा खानी तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

**प्रमाणिकरण मितिः २०८१।१०।३०**

**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।१०।३०**

**मालिका गाउँपालिका**

**म्याग्दी जिल्ला**

**गण्डकी प्रदेश, नेपाल**

वेग प्रसाद गर्बुजा
अध्यक्ष

## ढुङ्गा खानी तथा ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१

**प्रस्तावनाः** मालिका गाउँपालिकाको विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा स्लेट ढुङ्गा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा २०, नेपालको सँविधानको धारा २२६ तथा स्थानिय सरकार संचालन ऐनको दफा १०२ अनुसार मालिका गाउँपालिको गाउँ सभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐको नाम ढुङ्गा खानि तथा ढुङ्गा, गिट्टी, बालुवा र स्लेट ढुङ्गा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी ऐन २०८१ रहेको छ ।

(२) यो ऐन मालिका गाउँपालिकाको गाउँसभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** (१) विषय वा प्रसइले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।
ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(घ) "ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमती भएको नदी, बगर वा खानी क्षेत्रवाट सङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट, पाँगो, भरुवा सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले मालिका गाउँपालिकालाई सम्झनु पर्छ ।
(च) "नदी किनारा" भन्नाले नदी बहाव क्षेत्रबाट दाँया र बाँया ५०० मिटर सम्मको क्षेत्र सम्झनु पर्छ ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(झ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त बातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ञ) "बातावरणीय प्रभाव मूल्याङ्कन भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (फ) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संक्षिप्त बाताबरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (म) बमोजिमको अध्ययन सम्झनु पर्छ ।

**३. उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धारणः** (१) गाउँपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-

(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा स्थानिय विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,

ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र ।

(घ) यस ऐन बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपनियम (१) बमोजिमको कुनै क्षेत्रमा यस ऐन बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विक्री वितरणको व्यवस्था गाउँपालिकाले मिलाउनेछ ।

**४. नदीजन्य पदार्थको सङ्कलन, उत्खनन र विक्रीः** (१) गाउँपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्री गर्दा देहाय बमोजिम गर्नेछः-

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(क) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

(ख) यस ऐन बमोजिम बातावरणीय अध्ययन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने छ ।

.

ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक टोलिको अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्नुपर्ने छ ।

(घ) गाउँसभाबाट स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनुपर्नेछ ।

(२) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकवाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा स्थानिय विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ ।

(४) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची-२क बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-२ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-२ग बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्नेछ ।

(५) उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिकाले तोक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका वखत अनुसूची-३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

(७) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(८) उपदफा २ बमोजिम सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ।

(९) घना बस्ती र बन क्षेत्रको ५०० मिटर, बाटोबाट पाँचसय मिटर दूरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको ५०० मिटर तल र ५०० मिटर माथि बाट नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन ।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले बाधा पुन्याएको मानिने छैन ।

(११) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ र दुर्घटना बीमा आदिको प्रवन्ध सम्बन्धित उत्खनन्, सङ्कलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(१२) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री तथा ढुवानी ठेक्का बन्दोबस्त गर्दा परीमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्नेछ ।

(१३) गाउँपालिकाले वर्षाको समयमा बगेर आउने वालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा वालुवा हार्भेस्टिङ् गरेर बेच्ने व्यवस्था गर्न सक्नेछ ।

(१४) यस ऐन बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र सङ्कलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा स्थानिय बिपद समितिको सिफारिशको आधारमा कार्यपालिकाले उत्खनन् र सङ्कलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१५) यस ऐन बमोजिम सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ।

**५. खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी व्यवस्थाः** (१) खानीबाट ढुङ्गा, गिट्टी, वालुवा र स्लेट ढुङ्गा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट आनुमति लिई गर्नु पर्नेछ ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरंग, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

(२) उपनियम (१) बमोजिम आनुमतिको लागि पेश गर्दा यस पालिकाका प्राविधिकको सिफारिस बमोजिम  कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपनियम (१) बमोजिम खानी सन्चालनको अनुमती प्राप्त भएपछि सम्बन्धित गाउँपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।

४) यस नियम बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउँमा कम्तीमा दश रोपनी वा सो भन्दा बढि क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस नियम बमोजिम दर्ता भै सन्चालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा र स्लेट ढुङ्गाको परीमाणको आधारमा गाउँपालिकाले दर्ता तथा वार्षिक नवीकरण शुल्क लगाउन सक्नेछ ।

(६) यस नियम बमोजिम सन्चालित खानी उद्योगहरुले स्वीकृत परीमाण र तोकिएका शर्त बमोजिम खानी सन्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउने छ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानून वमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानूनमा तोकिए बमोजिम हुनेछ ।

**६.उत्खनन् बा सङ्कलनको परीमाण नियन्त्रणः** (१)  गाउँपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्नेछ ।

(२) नियम (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको  गाउँपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परीमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(४) उपनियम (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम विक्री गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

(६) उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसूची-४क बमोजिमको र दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-४ख बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(७) यस नियम बमोजिमका प्रावधानहरुलाई गाउँपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

**७. नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसारः** (१) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र गाउँपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लिखित क्षमताभन्दा बढी क्षमता भएका डुबानी साधनलाई नदी वा खानी प्रवेशमा रोक लगाउनु पर्नेछ ।

(२) ढुवानी गर्ने सवारी साधनले सङ्कलन वा उत्खनन् स्थलदेखि अन्तिम गन्तव्यसम्म नदीजन्य र खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रति घण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भए नभएको सम्बन्धमा स्थानीय प्रहरी तथा गाउँपालिकाले नियमित अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(४) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुनें मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रवन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ ।

**८.अनुगमन सम्वन्धी व्यवस्थाः** १) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र विक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय वमोजिमका नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(क) अध्यक्ष संयोजक

(ख) सम्बन्धित वडा अध्यक्ष सदस्य

(ग) प्रमुख प्रशा;किय अधिकृत सदस्य

(घ) पालिकाको प्रहरी कार्यालयको प्रमुख सदस्य

(घ) पालिकाको ईकाई बन कार्यालयको प्रमुख सदस्य

(छ) पालिकाको इंजिनियर सदस्य सचिव

(२) अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुगमन समितिले ढुङ्गा, गिट्टी, बालुबा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा सङ्कलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा पालिकालाई देहाय बमोजिम कारवाहीको लागि लेखि पठाउन सक्नेछः

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन र सङ्कलनको लागि स्वीकृत विधि, प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजस्व चुहावट तथा चोरी निकासी,

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा प्रदूषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

(ङ) ठेका सम्झौताको परिपालना,

(च) नहीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) संचालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

(ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु, प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवस्यक सुधारका लागि दिएको निर्देशन सम्वन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, संकलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(६) उपनियम (५) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, संकलन वा दुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) गाउँपालिकाले ढुङ्गा, गिट्टी बालुवाको उत्खनन कार्य यस मापदण्ड र वतावरणीय अध्ययन प्रतिवेदन वमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ र सो कार्यदलले अनुसूची ५ वमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) अनुगमन समितिले माग गरे समोजिमको सूचना अध्यान तथा अन्य प्राविधिक सहयोग गाउँपालिकाले उपलध गराउनु पर्नेछ ।

(९) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घघन गरेको वा राजस्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्तो संलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ।

(१०) उपनियम (९) बमोजिम जफत गरिएको, मालवस्तु गाउँपालिकाले प्रचलित कानून बमोजिम लिलाम विक्री गरी स्थानीय संचित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

(११) अनुगमन समितिले प्रत्येक वर्षको भाद्र मसान्तपछि खानिको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य वा खानीजन्य पदार्थको अवस्था अनुसार बातावरणीय अध्ययन प्रतिवेदन सशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही वमोजिम गर्न गाउँपालिकालाई लेखी पठाउन सक्नेछ ।

(१२) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा विक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

**९. नदीजन्य र खानीजन्य पदार्थको बजार मूल्य नियमन सम्बन्धी व्यवस्थाः** (१) अनुगमन समितिले ढुङ्गा, गिट्टी, बालुवा र स्लेट ढुङ्गा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन् लागत, गाउँपालिकालाई तिरेको कर वा शुल्क बापतको रकम, बजारको दुरी र निर्धारित मुनाफा समेतका आधारमा बजार मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

(२) उपनियम (१) बमोजिम बाजार मूल्य निर्धारण गरिएकोमा निर्धारित बजार मूल्यभन्दा बढी मूल्य लिएको पाईएमा त्यस्तो विक्रेतालाई अनुगमन समितिको निर्णय बमोजिम विक्री बितरण कार्यमा रोक लगाउन सकिनेछ ।

**१०. क्रसर उद्योग संचालनका लागि दुरी सम्बन्धी मापदण्डः** १) क्रसर उद्योग संचालन गर्दा देहाय बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।

| क्रस | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | सडकको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारवाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय बाट | २ किल्लेमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | वन, क्षेत्रबाट | १ किलोमिटर |
| ६ | घना वस्तीबाट | २ किलोमिटर |

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित उत्खनन् गर्ने कच्चा पदार्थको स्थान क्षेत्रफल परिमाण समयावधि र सोको विवरण तथा त्यस्तो शेषको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग संचालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरुमा निवेदन दिने व्यक्ति वा फर्मले उपनियम (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले गरेको वर्गीकरण वमोजिम प्रदेश कानुन अनुसार गाउपालिकाले क्रसर उद्योग सञ्चालनको अनुमती प्रदान गर्नेछ ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

(४) क्रसर उद्योग लगायतका बालुवा पाँगो धुने र प्रशोधन गर्ने मेशीन (फिरफिरे तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र गर्न पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय वमोजिम शर्त पुरा नभएसम्म उद्योग संचालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षेमताको अधीनमा रही तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहित प्रत्येक वर्षको श्रावण महिनाभित्र अनुगमन समिति र सम्बन्धित गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस मापदण्ड प्रमोजिम स्थापना तथा संचालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित गाउँपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(८) उपनियम (६) र (७) वमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा गाउँपालिकाले बन्द गर्न सक्नेछ।

(९) उपनियम (१) को दुरी सम्वन्धी मापदण्ड पूरा नहुने गरी संचालनमा रहेका क्रसर उद्योगलाई गाउँपालिकाले एक वर्षभित्र बातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउने छ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिकाले दर्ता खारेजी गर्ने वा सम्बन्धित निकाय समक्ष खारेजिको सिफारिस गर्नेछ ।

(१०। नयाँ दर्ता हुने बालुवा प्रशोधन उद्योगका हकमा स्वीकृत आतावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा गाउँपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

(११) क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी या वन क्षेत्रबाट उत्खनन् वा संकलन गरी प्रशोधन गर्न पाउनेछैन ।

(१२) उपनियम (६) वमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चापदार्थ अपूर्ती गर्दा लाग्ने विक्री मूल्य वा शुल्क गाउँपालिकालाई बुझाएपछि मात्र त्यस्ता कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ।

(१३) क्रसर उद्योगलाई गाउँपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादित परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

**११. वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्थाः** साधारण निर्माणमुखी नदीजन्य तया खानीजन्य पदार्थको उत्खनन्, संकलन र ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्वन्धी व्यवस्था वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. राजस्व बाँडफाँट सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले यस ऐन बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करवाट संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको स्थानिय संचित कोषमा र चालिस प्रतिशत रकम सम्वन्धित प्रदेश सरकारको प्रदेश सचित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नेछ ।

**१३. कार्यविधि बनाउन सक्नेः** यस ऐन बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**१४. सूचना पाटी राख्नेः** नदीजन्य पदार्थको संकलन, उत्खनन् वा ढुवानीकर्ताले संकलन वा उत्खनन गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराईसहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम थर सम्पर्क नम्बर लगायतका विवरण खुल्ने अनुसूची-६ वमोजिमको सूचनापाटी सम्वन्धित उत्खनन् वा संकलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

**१५. मुल्य अभिवृद्धि करमा दर्ता हुनुपर्नेः** यस ऐन वमोजिम नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

**१६. निकासी सम्वन्धी व्यवस्थाः** (१) गाउँपालिकाले ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) चट्टान काटेर वा कुँदेर तयार गरिने सामग्री तथा स्टोनडन्ट जस्ता पदार्थ ओसार पसार गर्दा प्याकेजिङ्ग गरेर निर्यात गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

# अनुसुचि-१

## नियम ४ को उपदफा ३ सँग सम्बन्धित।

## नदीको बातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | ढुङ्गा, गिट्टी, बालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ३ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले बहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औलाएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

## अनुसूची-२क
## (दफा ४ को उपदफा (५) सँग सम्बन्धित ।

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति

स्थानीय सरकार मजालन ऐन २०७४ को दफा ६२ क र यस गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा.........को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपलिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व........ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल वमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल

| सि.न. | सूचना सि.नं. नं. बोलपत्र | बोलपत्रको नाम | उत्खनन् परिणाम (धन फिट। | न्यूनतम घोलपत्र रकम (सेवाशुल्क र मू, अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

शर्तहरुः

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.......... को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस गाउँपालिकामा नगर्दै तिरेको ............ बैक शाखा कार्यालय मा रहेको यस पालिकाको खाता नँ............................. मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले.................... सौ दिनको कार्यालय समयभित्र

वेग प्रसाद गर्वुजा
अध्यक्ष

कार्यालयवाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यलयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्रदस्तुर यस पालिकाको................ वा यस पालिकाको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। पोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विधापर्न गाएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको...... प्रतिशतको दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको ...........मा रहेको धरौटी खाता न...................जम्म गरि सो को सक्कल भौचर वा .....................बैंकबाट इजाजत प्राप्त........ बैंकबाट यस पालिकाको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ..............दिनको म्याद सहित जारी गरिएको विड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रतेक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन न, मोबाइल न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक 'सूचना प्रकाशित भएको मितिले ............ औं दिन दिनको................बजे भित्र यस पालिकामा हार्डकपि वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको पोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको......... बजे भित्र विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस पालिकामा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ले समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले............ ओ दिन दिनको.........बजे गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्ता बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाधी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस पालिका बाध्य हुने छैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस पालिकामा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले........... दिनभित्र मु.अ. कार दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ............प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्तावापत .............प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त.............बैंकबाट यस गाउँपालिकाको नाममा........साल.........  मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क सेवा शुल्क पापत हुन आउने जम्मा रकमको नियमानुसार थप ................%भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाको कानुन, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड प्रमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
(नोटः विस्तृत जानकारीको लागि यस पालिकाको Website ...........मा समेत हेर्नसकिनेछ ।)

वेग प्रसाद गर्वुजा
अध्यक्ष

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

## अनुसूची-२ख

## १ नियम ५ को उपनियम (५) संग सम्बन्धित।

## ठेका सम्झौता फाराम

लिखितम............ नाती........................छोरा..................जिल्ला................ गाउँपालिका वा नगरपालिका वडा न..............मा बसोबास गर्दै आएको वर्ष...........को..................ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा................ठेक्का बन्दोबस्त गर्ने गरि यस गाउँपालिकावाट प्रकाशित गरिएको मिति...........को ठेक्का नं.........  को सूचना बमोजिम ढुङ्गा गिट्टि, बालुवा उत्खनन, सङ्कलन तथा बिक्री बितरणका लागि तपाई समेतले  पेश गर्नु भएको बोलपत्र मुल्याङ्कन गर्दा आ. ब. ..... का लागि...........रु............(मु.अ.कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति .........मा यस पालिकाबाट निर्णय भएको हुँदा उपर्यक्त निर्णयानुसार तपशिलका शर्त बमोजिम तपशिल बमोजिमका क्षेत्रमा मालिका गाउँपालिकाको, तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मंजुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटिबढी नपारी कामकाज गरी मिति ............ मा यस पालिकालाई ........... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु........... (मु.अ.कार बाहेक) बुझाई मिति.............देखि मिति .........सम्म आ.व................ को लागि ठेका चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातवाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिलः

१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. ............ का लागि ...........प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ...........(मु.अ.कर बाहेक)  वा प्रथम किस्ता वापतको रु.............(मू.अ.कर बाहेका) बुझाई ........गते देखि .................. सम्मको लागि प्रचलित कानुनको अधिनमा रही ............आय सङ्कलन गर्नेछु ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

२) उक्त आय संकलन गर्नका लागि मालिका गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विकी मूल्य, सेवा शुल्क दस्तुरको रुपमा आय संकलन गर्ने गरि मालिका गाउँपालिकालाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बाकतको रकम बुझाएको छु।

(३) सो आय संकलन गर्न, गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क दस्तुर इत्यादि थप गरी लिने छैन र गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसीद प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मन्जुर छ।

**नदीजन्य पदार्थहरु उत्खनन, संकलन र विक्री बितरण गर्ने शर्तहर**

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रवाट विक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित टेकेदारको हुनेछ ।

३. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परीमाणको आधारमा विक्री शुल्क बापतको दरले हुन पाउने रकम समेतको हिसाबले नियमानुसार थप ………… मु.अ.कर रकम समेत गरी एकमुष्ट वा………… किस्तमा………प्रतिशतका दरले ……… मसान्त भित्र र…………… महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, प्रदेश कानून, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्कका सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु पाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा विक्री वितरण कार्य सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुवाट गर्न पाईनेछैन ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

६. विकी मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। सडक मार्गमा ढाँट राख पाईनेछैन ।

७. नेपाल सरकार वा मालिका गाउँपालिकालाई प्रचलित कानून वमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वयले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्कको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस पालिकाको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर वस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

१०. ठेका सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून प्रमोजिम हुनेछ।

११. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा गाउँपालिकाले जुनसुकै बखत ठेका तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको समेत ठेकेदारबाट गाउँपालिकाले असुल गर्नेछ ।............. प्रतिशतका दरले ब्याज समेत गाउँपालिकाले असुल गर्नेछ ।

१२. ठेक्का संकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नुपर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नु परेमा वा भएमा गाउँपालिकाको पूर्व स्वीकृतिमा लिएर मात्र राख्नु पर्नेछ।

सङ्कलन केन्द्र राख्ने स्थान

| क.स. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१३. आ.व. ........को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घनफिट विक्री दर रु........मा मु.अ.कर बापत............ प्रतिशत थप गरी निम्न अनुसार विक्री मुल्य वा शुल्क संङ्कलन गर्न

वेग प्रसाद गर्बुजा
अध्यक्ष

पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले दिएको परीमाण उत्खनन भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१४. उत्खनन्, सङ्कलन तथा विक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१५. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाउँपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मुल्य वा शुल्क | मु.अ.कर रकम | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१६. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन् सङ्कलन तथा विक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तकारी आयोजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

१७. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा बातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

१८. टेकेदारले यस सम्झौतामा उल्लेखित सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ ।यस्तो अनुगमनबाट शर्त उल्लङ्गन भएको पाइएमा गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र त्यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा पालिका जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

१९. साधारण निर्माणमुखी नदीजन्य पदार्था उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक आर्थिक र सास्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ ।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ। सो वापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाइने छैन ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

२१. उत्खनन गर्दा नजिक रहेको सडक बन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नु पर्नेछ ।

२२. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन।

२३. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मजुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।

२४. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि …………सम्म विहान……….बजे देखि वेलुका……. बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

२५. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एस्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२६. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित टेकेदारले उठाउन सक्नेछ ।

२७. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगी पूर्व अवस्थामा छोइनु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

२८. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा विकी प्रवन्ध मिलाउनु पर्नेछ ।

२९. ठेका सम्झौता बमोजिमको कार्य गर्दा बातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

३०. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्री गर्नु पर्नेछ ।

३१. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ

अनुसूची-२ ग
नियम ४ को उपनियम ५ सँग सम्बन्धित
पट्टाको फाराम

.................गाउँपालिका / नगरपालिकाबाट श्री.....................को नाती.......................को छोरा.............जिल्ला .....................गा.प./न.पा वडा नं........स्थायी घर भई हाल .............गा.पा./न.पा. वडा नं. ................मा बसोवास गर्दै आएको वर्ष.........को ................ले कानून वमोजिम मालिका गाउँपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसित उमोजिमको क्षेत्रमा तपसिल वमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस मालिका गाउँपालिकाबाट वोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. ................को लानि रु.......................-(मु.अ.करहेक) अक्षेरुपी .................मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेका बन्दोवस्त गर्न मिति................ मा यस गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त वमोजिम हुने गरी आय सङ्कलन गर्न मंजुरी भई कबुलियन गरिदिनु भएको हुँदा कबुलियत वमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र मालिका गाउँपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ...........बुझाई मिति.............. देखि मिति...........सम्म आ.व................को लागी देहाय वमोजिमका स्रोतहरुबाट देहाय वमोजिमको दरमा विक्री मुल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरि दिनुभएको संझौता र यो पट्टाको बर्खिलाप कामकाज गरको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विकी मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस गाउँपालिकाबाट ठेक्का चलानको पूर्जी गरिदिईएको छ ।

तपसिल

वेग प्रसाद गर्बुजा
अध्यक्ष

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

(१। सम्झौतामा उल्लेख गरिए वमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व............ को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु..................बुझाई ........ साल ... गते देखि..........साल.................सम्मलाई प्रचलित कानुनको अधिनमा रही गाउँपालिकाको आय संकलन गर्ने ।

(२) उक्त आय सालन गर्नका निमित्त मालिका गाउँपालिका क्षेत्र भित्र रहेका यसैमाथ संलग्न सूचीका मालवस्तुमा सोहि सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आप सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्गलन गर्न गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको बस्तुमा तोकिदिएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क का दस्तूर इत्यादि लगाई लिइने छैन र यस पालिकाबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय बीच भएको संझौता वमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन, संकलन र विक्री गर्दा देहायका स्थानबाट निम्न वमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| क्रस | नदीजन्य पदार्थ उत्खनन गर्ने स्थान र नदीको नाग | बालुवा (क्यू, फि.) | ढुङ्गा (क्यू, फि.) | ग्राभेल/गिट्टी (क्यू, फि.) | संकलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

अनुसूची-३
नियम ४ को उपनियम ७ सँग सम्बन्धित

पटके प्रवेश आदेश

दुङ्गर, सिट्टी, अनुका जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी/खानीकोनामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश न

नदी / खानी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नाम

ठेगाना सम्पर्क फोन न.

२. दुबानी गरिने पदार्थको नामः

३. दुचानी गरी सैजाने साधनको नाम सवारी दर्ता नं.

४. निकाली लैजाने पदार्थको परीमाणः घन फूट

५ ढुवानी गरी लैजाने स्थान

वेग प्रसाद गर्वुजा
अध्यक्ष

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजन

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने।

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि विक्री

(घ) अन्य (प्रपोजन खुलाउने

(नोट यो आदेश नलिई ढुङ्गा, गिट्टी, बालुवा, स्लेट ढुङ्गा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पोसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून वमोजिम सजाय हुनेछ ।

प्रवेस आदेश दिने कर्मचारीको नाम थरः

सहि

ठेकेदार वा प्रतिनिधिको नाम थर

अनुसूची-४(क)

दैनिक पटके विकी वा ढुवानी अभिलेख तेरीज

नियम ७ को उपनियम (६) संग सम्बन्धित

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा, स्लेट ढुङ्गा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र संकलन कार्यको लागि बातावरणीय अध्यन कार्यान्वयनका सन्दर्भमा ढुबानी क्षेत्र अनुसार दुरी नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

वेग प्रसाद गर्बुजा
अध्यक्ष

नदी वा खानीको नामः

नाकाको नाम

मितिः-

| क्रस | दुबानी मिति | पटके बिक्री आदेश नं. | पटके विकी भएको परीमाग | विकी भएको पदार्थ लैजाने सवारी न. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके विक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

## अनूसूची ४ (ख)
## उत्खननकर्ताले राखे दैनिक उत्खनन् अभिलेख
## नियम ७ को उपनियम ६ संग सम्बन्धीत

खानी वा नदीघाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन स्थान अनुसार परीमाण नियन्त्रणका लागि राख्नुपर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः

उत्खनन् गरिएको नाका वा स्थानको नाम

| क्रस | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ५

गाउँपालिका अनुगमन समितिवाट अनुगमन गर्दा प्रयोग हुने

अनुगमन चेक लिष्ट

| क्रस | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकारणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानिय सडकदेखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरि पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक विक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखाकंन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छुर्कने प्रबन्ध | | |
| १५ | साईड ट्रेन र हिलो थिग्रने पोखरी (सेटिङ्ग पोण्ड) को व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रवन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुझे अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्वन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |

वेग प्रसाद गर्वुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

अनुसूची- ६

(नियम १४ सँग सम्बन्धित)

उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका रागि राखिने सूचना पाटी

(क) उत्खनन, सङ्कलन गरिने स्थल

(ख) उत्खनन, संकलनको विवरण

१. नदी वा खानीको नाम

२. ठाउँको नाम

३. उत्खनन् गरिने परीमाण धनफिट मा

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना

उत्खनन् गर्ने अवधि मिति २०........साल....... गते बाट........दिन भित्र।

(कुनै गुनासो वा थप जानकारीको लागि मालिका गाँउपालिकामा सम्पर्क गर्ने।

वेग प्रसाद गर्वुजा
अध्यक्ष